# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२)

असोज २०७२, अङ्क-६

## यस अङ्कभित्र

पेज १. सिसम२ मार्फत आपतकालीन सहयोग/प्रतिकार्य

पेज २. विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन: एक अनुभव

पेज ३. विसुयो समिक्षा– एक प्रेरणादायी कार्यक्रम

पेज ४. स्रोतकेन्द्रस्तरीय कार्यशालाको अनुगमन

आगामी गतिविधिहरू





## सिसम२ मार्फत आपत्कालीन सहयोग/प्रतिकार्य

*श्री देव कुमारी गुरागाईं*
*निर्देशक, शिक्षा विभाग, योजना तथा अनुगमन महाशाखा*

विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता बढाउँदै, सबै बालबालिकाहरूका लागि सर्वसुलभ र गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने उद्देश्यले विद्यालय क्षेत्र सुधार योजना कार्यक्रम कार्यान्वयन भइरहेको छ । सरोकारवालाहरूको क्षमता अभिवृद्धि/सबलीकरणको माध्यमबाट प्रभावकारी सेवा पुऱ्याउनका लागि, सिसम२ परियोजनाले शिक्षाको गुणस्तरमा सुधार गर्न विद्यालय क्षेत्र सुधार योजना कार्यक्रममा योगदान पुऱ्याइरहेको छ । परियोजनाले विद्यालय स्तरमा सवै सरोकारवालाहरूको सक्रिय सहभागितामा विद्यालय सुधार योजना (विसुयो) तर्जुमा र अद्यावधिक गर्नका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरूमा आवश्यक प्राविधिक सहयोग प्रदान गर्दै आएको छ ।



*स्रोतव्यक्ति शैक्षिक सामग्री प्राप्त गर्दै (सिन्धुली)*

गत बैशाख १२ गते गएको ७.८ म्याग्नेच्युट तथा बैशाख २९ गते गएको ७.३ म्याग्नेच्युटको भूकम्पले ठुलो क्षति पुऱ्यायो । भूकम्पको कारण विद्यालयका ३५,९८६ कक्षाकोठाहरू तथा अन्य संरचनाहरू भत्किनुका साथै “शिक्षक निर्देशिका”, “पाठ्यक्रम तथा पाठ्यपुस्तक” लगायत अन्य शैक्षिक सामग्रीहरू ध्वस्त हुन पुगे । फलस्वरूप ३ देखि १८ वर्षसम्मका करिव ११,०९,००० बालबालिकाहरूलाई आ-आफ्नो साविकको कक्षाकोठामा गएर पढ्नका लागि प्रतिकूल अवस्था सिर्जना भएको छ । यसवाट सिकाइ उपलब्धिमा पर्ने प्रतिकूल असरलाई न्यून गर्न भूकम्प लगायत बाढी, पहिरो तथा आगलागी जस्ता विपद्हरूको जोखिम न्यूनीकरण तथा पूर्वतयारी सम्बन्धी कार्यक्रमहरूको सुरुवात गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ ।

भूकम्प पश्चातको परिवर्तित सन्दर्भमा, सिमस२ परियोजनाले भूकम्पबाट अत्यन्तै प्रभावित केही जिल्लाका सामुदायिक विद्यालयहरूलाई शैक्षिक सामग्री सहयोग गर्ने योजना बनायो । यसका लागि शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रसँग परामर्श गरी भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरू मध्ये, अन्य विकास सम्बन्धी साझेदार संस्था तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको उपस्थिति कम भएका ३ वटा जिल्लाहरू रामेछाप, सिन्धुली र ओखलढुङ्गा छनौट गरिएको थियो । प्रत्येक जिल्लाको आ-आफ्नो आवश्यकताको आधारमा, सहयोग गर्ने सामग्रीहरूको निर्णय गरिएको थियो जुन यस प्रकार रहेको छ :

| क.सं | जिल्ला | सवै जिल्लाहरूको लागि उपलब्ध शैक्षिक सामग्रीहरू | जिल्लाको आवश्यकतानुसारका थप सामाग्रीहरू |
|---|---|---|---|
| १. | रामेछाप | - पाठ्यक्रम (कक्षा १ देखि ८ सम्मका लागि)<br>- विषयगत शिक्षक निर्देशिका (कक्षा १ देखि ६ सम्म १/१ थान)<br>- विद्यार्थीहरूको हाजिरी रजिष्टर (कक्षा १ देखि ८ सम्मका लागि १/१ थान) | - रुम टु रिडले प्रकाशन गरेको २७ प्रकारका बालचित्र कथाको संगालो (रुम टु रिडले वितरण गरेका विद्यालय बाहेकका सबै ३०७ विद्यालयहरूलाई २७/२७ थान) ।<br>- “हामी आमाबुबा” किताब (प्रत्येक विद्यालयहरूलाई १/१ थान) |
| २. | सिन्धुली | | - पूर्ण रूपले क्षति भएका कक्षाकोठाहरूका लागि ४२४ वटा सेतोपाटी । |
| ३. | ओखलढुङ्गा | | - निम्न माध्यमिक र माध्यमिक तहका १२२ विद्यालयहरू तथा जिल्ला शिक्षा कार्यालयका लागि विज्ञान विषयका विभिन्न चार्ट तथा पुस्तकहरू ।<br>- जिल्लाका सबै २१० वटा प्राथमिक विद्यालयहरूलाई रुम टु रिडले प्रकाशन गरेको २७ प्रकारका बालचित्र कथाको संगालो (प्रत्येक विद्यालयहरूलाई २७/२७ थान) |

त्यसैगरी पाठ्यक्रम तथा शिक्षक निर्देशिका बिचको अन्तरसम्बन्ध तथा माथि उल्लेखित सामग्रीहरू कसरी प्रयोग गर्ने भन्ने विषयमा जानकारी गराउन, सिसम२ परियोजनाले प्रत्येक लक्षित जिल्लाहरूमा स्रोतव्यक्ति तथा विद्यालय निरिक्षकहरूका लागि अभिमुखीकरण कार्यशाला सञ्चालन गर्ने योजना रहेको छ । जिल्लास्तरीय अभिमुखीकरण पश्चात् प्रत्येक स्रोतव्यक्तिहरूले प्रधानाध्यापकहरूको नियमित बैठकमा विद्यालयहरूलाई शैक्षिक सामग्रीहरू वितरण तथा अभिमुखीकरण गर्ने कार्यक्रम छ ।





शैक्षिक सामग्रीहरूको प्रभावकारी प्रयोग सम्बन्धी अभिमुखीकरण (रामेछाप र ओखलढुङ्गा)

योजना गरिएअनुसार नै तिनैवटा जिल्लाहरूमा सफलतापूर्वक जिल्लास्तरीय अभिमुखीकरण कार्यशाला संचालन र सम्बन्धित स्रोत व्यक्तिहरूलाई शैक्षिक सामग्रीहरू वितरण कार्य सम्पन्न भईसकेको छ ।

# विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयन: एक अनुभव

*श्री नारायण साउद*

*प्रधानाध्यापक, श्री सरस्वती निम्न माध्यमिक विद्यालय, डडेलधुरा*

श्री सरस्वती निम्न माध्यमिक विद्यालय, डडेलधुराले विद्यार्थीहरू, शिक्षकहरू, विद्यालय व्यवस्थापन समितिका सदस्यहरू, शिक्षक अभिभावक संघका सदस्यहरू तथा आमा समूहका सदस्यहरूसमेतको सहभागितामा विद्यालय सुधार योजना निर्माण गरेको छ । जिल्ला शिक्षा कार्यालयको निर्देशनमा विद्यालयले विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघका सदस्य, विद्यार्थी, शिक्षक, आमा समूह तथा अभिभावक गरी ५० जना सरोकारवालाहरूको सहभागितामा बैशाख ७ र ८ गते विद्यालय स्तरीय २ दिने कार्यशाला सञ्चालन गऱ्यो । उक्त कार्यशालामा सरोकारवालाहरूवाट प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा, विद्यालयले वार्षिक तथा दैनिक पाठ योजना, अतिरिक्त क्रियाकलाप, शिक्षण-सिकाइ सुधार योजना, क्यास (CAS) प्रगतिको योजना, अभिभावकहरूको सहभागिता योजना, पर्यावरण संरक्षण योजना तथा दैनिक सरसफाइ योजना लगायतका योजनाहरू समावेश गरी आगामी पाँच वर्षका लागि विसुयो योजना निर्माण गरेको छ । यस विद्यालयले विद्यालय सुधार योजनाको आधारमा यी योजनाहरू कार्यान्वयन गर्नका लागि लागि परेको छ । विद्यालयले हासिल गरेका केही असल अभ्यासहरू यहाँ उल्लेख गरिएको छ:

**१. पर्यावरण संरक्षण सम्बन्धी क्रियाकलापहरू:**

- विद्यालय वरपर रहेका देवालय तथा मन्दिर वरिपरी वृक्षारोपण कार्यक्रम, पर्यावरण संरक्षण अभियान अर्न्तगत नजिकैको विद्यालय तथा समुदायलाई विरुवा प्रदान ।
- फोहोर व्यवस्थापनका लागि पुन: प्रयोग गर्न सकिने तथा प्रयोग गर्न नसकिने गरी दुई प्रकारमा छुट्टाछुट्टै फोहोर व्यवस्थापन ।
- विद्यालयमा तयारी खाना (Junk Food) तथा प्लाष्टिक प्रयोगमा निषेध ।



*स्वच्छ वातावरण र उज्वल भविष्यको लागी वृक्षारोपन !*

**२. शिक्षण-सिकाइ तथा बालमैत्री सम्बन्धी क्रियाकलापहरू:**

- वार्षिक पाठ योजना बनाएर मात्र शिक्षण गरिएको तथा पढाइमा कमजोर विद्यार्थीहरूका लागि अतिरिक्त कक्षा सञ्चालन ।
- कक्षा १ देखि ३ सम्म बालमैत्री वातावरण प्रदान तथा शिक्षण योजनाको अभ्यास ।
- शिक्षण-सिकाइ सम्बन्धी क्रियाकलाप गर्दा सबैलाई देख्न सकियोस् भनेर यू-आकारमा बस्ने व्यवस्था ।
- शिक्षक तथा विद्यार्थीद्वारा शैक्षिक सामग्रीहरू प्रर्दशन, प्रतिवेदन तथा परियोजनात्मक कार्य तयार ।
- अभिभावकहरूमा अङ्ग्रेजीको चाहना भएअनुसार कक्षा १ देखि ३ सम्म अङ्ग्रेजी माध्यमबाट अध्यापन ।
- कक्षामा बुक कर्नर रहेको तथा कम्प्युटर प्रयोगशालाको व्यवस्थापन ।
- कक्षामा नियम पालना, कक्षाका लागि एक जना मनिटरको व्यवस्था, विद्यार्थीहरू आफैले कामको उत्तरदायित्वको व्यवस्थापन ।
- छात्र तथा छात्राहरूको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था, सुरक्षित (फिल्टर गरिएको) खानेपानीको व्यवस्था ।



*अभिभावक भेलामा सहभागीहरू छलफल गर्दै*

**३. अतिरिक्त क्रियाकलाप:**

- शुक्रबार विद्यार्थीहरूको हाउस-हाउस बिचमा प्रतिस्पर्धा गराउने तथा हाउस अनुसारकै विद्यालय पोसाकको व्यवस्था ।
- राष्ट्रिय गान पछि विद्यार्थीहरूद्वारा नै हाजिरीजवाफ सञ्चालन गरिने तथा पुरस्कारको पनि व्यवस्था ।
- विहानको राष्ट्रिय गान पछि विद्यार्थीहरूद्वारा नै नेतृत्व विकासका लागि भाषण गर्ने परिपाटी ।
- विद्यालयको बाहिरी भित्तामा राष्ट्रिय गान, सङ्केत तथा शिक्षक-विद्यार्थीहरूका लागि आचार संहिता टाँस ।

**४. अभिभावक तथा समुदायको परिचालन:**

- अभिभावक भेला, आमाहरू बिच शैक्षिक संवादको सुरुवात, सामुदायिक चेतना प्रसार सम्बन्धी कार्यक्रम ।
- अभिभावकले वर्षको दुइपटक विद्यार्थीहरूको उपलब्धिका बारेमा जानकारी, सल्लाह लिने तथा दिने ।

# विसुयो समिक्षा– एक प्रेरणादायी कार्यक्रम

*श्री सुर्यप्रसाद भुसाल*
*सहायक जिशिअ, जिशिका, कपिलवस्तु*

जिल्ला शिक्षा कार्यालय, कपिलवस्तुले विद्यालय सुधार योजना तर्जुमा र अद्यावधिक सम्बन्धी तिन तहगत Cascade प्रशिक्षण सम्पन्न गरेको छ। शिक्षा विभाग तथा सिसम२ परियोजनाको प्राविधिक सहयोगमा आयोजित यस ३ दिने जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण २०७१ माघ २० देखि २२ गते सम्म सम्पन्न भएको हो। २०७१ पुस महिनामा पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरामा सञ्चालित क्षेत्रीय स्तरको प्रशिक्षक प्रशिक्षणबाट प्रशिक्षित विद्यालय निरिक्षकहरूले प्रशिक्षणको सहजीकरण गर्नु भएको थियो। प्रशिक्षणमा स्रोतव्यक्ति, विद्यालय निरीक्षक तथा अन्य प्रतिनिधि गरी जम्मा ३१ जनाको सहभागिता रहेको थियो। यस प्रशिक्षण पश्चात प्रशिक्षणमा सहभागी भएका स्रोतव्यक्तिहरूले विद्यालय निरीक्षकको सहयोगमा आ-आफ्नो स्रोत केन्द्रमा ३ दिने स्रोतकेन्द्रस्तरीय कार्यशाला सञ्चालन गरेका छन्। जसको उद्देश्य स्रोतकेन्द्र अर्न्तगतका विद्यालयका प्रधानाध्यापक तथा विव्यसका सदस्यहरूलाई विसुयो निर्माण र अद्यावधिक गर्नका लागि विद्यालयस्तरीय कार्यशाला सञ्चालन गर्नमा सक्षम बनाउनु रहेको थियो। स्रोतकेन्द्रस्तरीय कार्यशाला, विद्यालयस्तरीय कार्यशाला तथा हालसम्म अद्यावधिक भएका विसुयो बारेमा विस्तृत जानकारी सँगैको तालिकामा उल्लेख गरिएको छ।

- स्रोतकेन्द्रस्तरीय कार्यशाला कूल व्याच संख्या : २९
- स्रोतकेन्द्रस्तरीय कार्यशालामा सहभागी विद्यालय संख्या : ४२१
- सहभागीहरूको कूल संख्या : ८२५ (महिला १४१, पुरुष ६८४)
- विद्यालयस्तरीय कार्यशाला सञ्चालन गरेका विद्यालयहरू: ३८१
- विद्यालयस्तरीय कार्यशाला सञ्चालनको समयमा स्रोतव्यक्तिले अनुगमन गरेका विद्यालय संख्या: ५२
- जिशिकामा नयाँ विद्यालय सुधार योजना पेस गरिसकेका विद्यालयहरूको संख्या : ७५ (बाँकी विद्यालयहरू विद्यालय सुधार योजना तयार गरी यथासिघ्र पेस गर्ने प्रकियामा रहेको ।)

## विसुयोको अनुगमन समिक्षा र पुरस्कार वितरण कार्यक्रम

जिशिका कपिलवस्तुले शिक्षा विभाग र सिसम२ परियोजनाको प्रविधिक सहयोगमा जिल्लामा सञ्चालित विसुयो निर्माण र अद्यावधिकका विषयमा यही २०७२ श्रावण १० गते समिक्षा कार्यक्रम सम्पन्न गऱ्यो। यस कार्यक्रममा अर्घाखाँची, पाल्पा, गुल्मी लगायत यस जिल्लाका विसुयो सम्पर्क व्यक्तिहरूले आ-आफ्नो जिल्लाको प्रगति सिकाइ, अनुभव आदि आदानप्रदान गरेका थिए भने कार्यक्रमको सहजीकरण शिक्षा विभागका शाखा अधिकृत श्री अर्जुन ढकाल, , क्षेशिनि, पोखराका उपनिर्देशक श्री खेमराज पौडेल, तथा जिशिका कपिलवस्तुका सहायक जिशिअ श्री सूर्यप्रसाद भुसालले गर्नु भएको थियो।



*विसुयोको समिक्षा गोष्ठीमा सामूहिक अभ्यास गर्दै*

कार्यक्रममा कपिलवस्तु जिल्लाका प्राथमिक १, निम्न माध्यमिक १ तथा माध्यमिक/उच्च माध्यमिक विद्यालय १ गरी जम्मा ३ वटा विद्यालयहरूलाई ***"विसुयो निर्माणमा उत्कृष्ट विद्यालय"*** को रूपमा पुरस्कृत गरिएको थियो। विसुयो निर्माणमा समुदायको सकिय तथा अर्थपूर्ण सहभागिता; सरल, व्यवहारिक एवम् सजिलैसँग कार्यान्वयन गर्न सकिने विसुयोको निर्माण तथा विगतमा भन्दा अझ बढी परिमार्जित विसुयो निर्माण गर्न सफल भएका जस्ता आधारमा जिशिकाद्वारा गठित निर्णायक टोलीले पुरस्कृत हुने विद्यालयको नामावली छनोट गरेका थियो। यसरी पुरस्कृत हुने विद्यालयहरूमा शिव प्राथमिक विद्यालय, शिवपुर, जनचेनता निम्न माध्यामिक विद्यालय, मोतिपुर र जनजागृती उच्च माध्यमिक विद्यालय, मोतीपुर रहेका छन्। जिशिका कपिलवस्तुका जिशिअ श्री हरि गौतम तथा सिसम२ परियोजनाका उपटोली प्रमुख श्री कोजि सातोले पुरस्कृत विद्यालयका प्रधानाध्यापक र विव्यसका अध्यक्षहरूलाई पुरस्कार वितरण गर्दै बधाई ज्ञापन गर्नु भएको थियो। पुरस्कृत विद्यालयका प्रधानाध्यापक तथा विव्यसका अध्यक्षहरूले यस कार्यक्रमवाट उनीहरू ज्यादै प्रोत्साहित हुनुका साथै यस्ता कार्यक्रमले आ-आफ्ना ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदानप्रदान भई राम्रो विसुयो निर्माण गर्नमा अरू विद्यालयहरूलाई पनि थप प्रेरणा मिल्ने विचार व्यक्त गर्नु भएको भयो।

## विसुयोका उपलब्धि र सिकाइ

विद्यालय सुधार योजना निर्माणमा Cascade तालिमले समग्रमा विद्यालयका प्रधानाध्यापक तथा सबै सरोकारवालहरूलाई राम्रो विसुयो निर्माण गर्न सक्षम बनाएको छ। यस कार्यक्रमले विसुयो निर्माणलाई जिल्लाको एक अभियानकै रूपमा सरोकारवालाहरूमा अपनत्व भावनाको विकास गर्न सफल भएको छ। यस तालिमले विद्यालयका सरोकारवालाहरूलाई विसुयोको अवधारणा र प्रकृयामा स्पष्टता गराउदै स्थानीय तहमा बन्ने सूक्ष्म योजना अभ्यासका लागि सहयोग पुगेको छ।। विगतमा, विसुयो तयार गर्दा भौतिक पूर्वाधार विकासमा बढी केन्द्रित हुने अभ्यास रहेकोमा हाल आएर यस योजनालाई विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सघाउने गुणस्तरीय शिक्षाको विकासका लागि एक सहयोगी साधन हो भन्ने भावनाको विकास हुन थालेको छ।

विसुयो निर्माणमा स्थानीय समुदाय, अभिभावक, विव्यस, शिक्षक अभिभावक सङ्घ (शिअस) का सदस्यहरूको उपस्थितिले ज्यादै ठुलो महत्त्व राख्दछ। स्थानीय अभिभावक तथा अन्य सरोकारवालाहरूको सहभागिता योजना निर्माणको मूल आधार हो। विद्यालयस्तरीय कार्यशाला गोष्ठी सरोकारवालाहरूको सहभागिताको दृष्टिकोणले अपेक्षाकृत हुन नसके पनि स्रोतकेन्द्रस्तरीय गोष्ठीको प्राविधिक तथा व्यवस्थापकीय पक्ष निकै उत्कृष्ट रहेको थियो।



*विसुयो निर्माणमा उत्कृष्ट विद्यालयलाई पुरस्कार वितरण गर्दै !*

विभिन्न सहयोगी संघसंस्थाहरूलाई आमन्त्रण गरी उनीहरूको ज्ञान, सिप र अनुभव आदानप्रदान गर्दा कार्यक्रम थप प्रभावकारी हुने महसुस गरिएको छ। सिसम२ परियोजनाले नेपाल सरकारको निर्दिष्ट शिक्षा प्रणालीअनुसार सरल र व्यवहारिक विसुयो निर्माणमा सरोकारवालाहरूको ध्यानाकर्षण गरेको छ।

# स्रोतकेन्द्रस्तरीय कार्यशालाको अनुगमन

*श्री योगेन्द्रप्रसाद बराल*
*उपनिर्देशक, शिक्षा विभाग, सामुदायिक विद्यालय व्यवस्थापन शाखा*

योजना तर्जुमा गर्दा देखि नै सबै सरोकारवालाहरूको सहभागिता सुनिश्चित हुनुपर्छ, जसले अपनत्वको भावना जगाउँछ र दिगो विकास हुन्छ । विद्यालय सुधार योजना (SIP) निर्माण भएको दशकौं भैसक्दा पनि प्राविधिक ज्ञान, सिप, क्षमता र अनुभवको अभावले गर्दा यो तल्लो तहबाट माथिल्लो तहको योजना (Bottom up planning) प्रक्रिया कार्यान्वयन राम्रोसँग हुन सकिरहेको छैन । यिनै कुराहरूलाई मध्यनजर राख्दै शिक्षा विभाग तथा सिसम२ परियोजनाको प्राविधिक सहयोगमा विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्ने विषयमा राष्ट्रिय प्रवोधीकरण कार्यक्रम सञ्चालन गरिएको हो ।

यसै सन्दर्भमा बैशाख ५ देखि ७ गते सम्म संखुवासभा जिल्लामा सञ्चालित स्रोतकेन्द्रस्तरीय कार्यशालाको शिक्षा विभाग र सिसम परियोजनाका कर्मचारीहरूको संलग्नतामा संयुक्त अनुगमन गरिएको थियो । उपलब्ध तालिम सामग्री र कार्यशाला सञ्चालन निर्देशिका (Operational Guideline-OG) बमोजिम कार्यशाला सञ्चालन भयो कि भएन भन्ने उद्देश्यले अनुगमन गरिएको थियो । हाम्रो संयुक्त अनुगमन टोलीले कार्यशालाको एक दिन अगाडिको तयारी बैठकमा अवलोकनकर्ताको रूपमा भाग लिनुका साथै स्रोतकेन्द्र भ्रमण गरेर स्रोतकेन्द्रस्तरीय कार्यशालाको स्थलगत अनुगमन गरेको थियो । यसका साथै कार्यशालाको व्यवस्थापकीय पक्षको प्रक्रिया, तालिम कक्ष/स्थल तथा बसाइ व्यवस्थापनको पनि निरीक्षण गरिएको थियो । अनुगमनबाट देखिएका निष्कर्षहरू यस प्रकार रहेका छन:

**सवल पक्षहरू:**

१. कार्यशाला सञ्चालनमा जिल्ला शिक्षा कार्यालय सकारात्मक तथा र सहयोगी रहेको ।
२. सिसम२ द्वारा तयार पारिएका तालिम सामग्री तथा अन्य साधनहरू अत्यन्तै सान्दर्भिक तथा उपयोगी रहेको ।
३. चन्दनपुर बाहेक अन्य सबै स्रोत केन्द्रहरूले कार्यशाला सञ्चालन निर्देशिका (OG) अनुसार नैं कार्यशाला सञ्चालन गरेको पाइयो । अनुगमन टोलीले चन्दनपुर स्रोत केन्द्रलाई पनि कार्यशाला सञ्चालन निर्देशिका (OG) बमोजिम नै कार्यशाला सञ्चालन गर्न सुभ्काव दिइएको ।
४. सहजकर्ताहरूको प्रस्तुतीकरणको सिप राम्रो रहेको साथै सबै सहभागीहरूले सिक्नका लागि उत्सुकतापूर्वक ध्यान दिएको ।
५. कार्यशाला/प्रशिक्षण सामग्रीहरूको उचित प्रयोग भएको तथा बसाइ व्यवस्थापन प्रशिक्षण कक्षको वातावरणअनुसार अपनाइएको ।



*विसुयोको विकासका सवालहरूमा छलफल गर्दै*

**केही सुभ्कावहरू:**

१. यस Cascade Model अर्न्तगत प्रशिक्षण सञ्चालन, कार्यशाला सञ्चालन निर्देशिका (OG) अनुसार नै गर्नुपर्छ जसले समय व्यवस्थापन तथा अन्य प्रक्रिया सहज रूपमा पुरा गर्न सकिन्छ । त्यसैले कार्यशाला सञ्चालन गर्दा सँगसँगै अनुगमन र पृष्ठपोषण आवश्यक छ ।
२. जिल्ला शिक्षा कार्यालयको दैनिक कार्यभार, भौगोलिक विकटता तथा जनशक्ति अभावको कारणले गर्दा पनि सबै स्रोतकेन्द्रमा पर्याप्त सहयोग उपलब्ध गर्न कठिनाइ देखिएको सन्दर्भमा जिशिकाले सबै स्रोतकेन्द्रहरूलाई यस कार्यमा सशक्त बनाइ परिचालन गर्नु र आवश्यकतानुसार अनुगमन तथा पृष्ठपोषणका लागि उचित ध्यान पुऱ्याउनु आवश्यक छ ।
३. जिल्लास्तरीय प्रशिक्षक प्रशिक्षण तथा स्रोतकेन्द्रस्तरीय कार्यशाला सञ्चालन बिचको समयको अन्तराल बढी हुँदा प्रशिक्षकहरूले तालिममा सिकेका विषयवस्तुहरू बिर्सन सक्ने भएकाले यसतर्फ सचेत हुनुपर्ने देखिन्छ ।



*स्रोतकेन्द्रस्तरीय कार्यशालाका सहजकर्ताहरू*

**निष्कर्ष:**

प्रशिक्षण तथा कार्यशाला सञ्चालन गर्नु मात्रै ठुलो कुरा होइन । प्रशिक्षण कार्यक्रम पश्चात अपेक्षा गरिएअनुसार ज्ञान, सिप, मनोवृत्ति तथा व्यवहारमा के कति परिवर्तन आयो भन्ने कुरा सबैभन्दा बढी महत्वपूर्ण कुरा हो । विद्यालयहरूलाई प्रोत्साहित गर्नका लागि नियमित अनुगमन र पृष्ठपोषण गर्नु आवश्यक छ । यस अर्थमा यो संयुक्त अनुगमन भ्रमण फलदायी रहेको महसुस गरिएको छ । तालिम पश्चात् विद्यालयहरुले तालिममा सिके अनुसार विद्यालय स्तरमा कार्यक्रम संचालन गरे नगरेको समिक्षा पनि गर्नु पर्ने देखिन्छ ।

## आगामी गतिविधिहरू (भाद्र-कार्तिक २०७२)

| क्र.सं. | क्रियाकलापहरू | महिना | स्थान |
|---|---|---|---|
| १. | विद्यालय सुधार योजना निर्माण तथा र अद्यावधिक सम्बन्धी अनुगमन समिक्षा बैठक | सेप्टेम्बर | कालीकोट, संखुवासभा, भक्तपुर |
| २. | विपद् व्यवस्थापन शिक्षा सम्बन्धी कार्यशाला | सेप्टेम्बर | काठमाडौं |
| ३. | TTT and CC Meetings | सेप्टेम्बर-अक्टोबर | काठमाडौं |
| ४. | तेस्रो वर्षको कार्ययोजनाको तयारी | सेप्टेम्बर-अक्टोबर | काठमाडौं |
| ५. | आपतकालीन सहयोग कार्यको अनुगमन | अक्टोबर-नोभेम्बर | सिन्धुली, रामेछाप र ओखलढुङ्गा |